आज मिति २०७७ चैत्र २७ गते शुक्रबारको दिन बिहान ८:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा १०६ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकर मान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री सर्मिला सुवेदी (का.बा.वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री गणेश गुरुङ (लेखा अधिकृत)
२. श्री मनोज बुढथोकी (ईन्जिनियर)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/१२/२६ गते नगर प्रमुखज्यूबाट मिति २०७७/१२/२७ गतेको नगर कार्यपालिकाको १०६ औं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | शुभकामना सम्बन्धमा । | • नव वर्ष २०७८ को शुभ उपलक्ष्यमा शुभकामना आदन प्रदान गरियो । |
| २. | समिक्षा सम्बन्धमा । | • १०५ औं कार्यपालिकाबाट भएका निर्णयहरुको समिक्षा गरियो । |
| ३. | घर भाडा सम्बन्धमा । | • यस नगरपालिकाबाट घरभाडामा लिन प्रकाशित सूचना अनुसार तोकिएको म्याद भित्र पर्न आएका प्रस्तावहरु मध्ये दक्षिणकाली नगरपालिका वडा नं ६ मा रहेको दिपेन्द्र श्रेष्ठको घरको घरभाडा दर मासिक कर सहित रु.९४,०००।- (अक्षरुपी चौरानब्बे हजार) कबोल गरेको र निजको कबोल अंक सबैभन्दा न्यूनतम भएको हुँदा २०७८ असार मसान्त पश्चात् माथिल्लो तल्ला समेत खाली गर्ने गरी घरभाडामा लिई कार्यालय संचालनको लागी सम्झौता गर्ने निर्णय गरियो । साथै, यस नगरपालिकाको विभिन्न शाखाहरुको प्रयोजनको लागी त्रिभुवन आ.मा.वि.को प्राङ्गणमा रहेको घर भाडामा लिएको हुँदा उक्त घर २०७८ बैशाख १ गते देखि छोड्ने निर्णय गरियो । |
| ४. | विविध । | • यस नगरपालिका क्षेत्र भित्र विगतको महाभुकम्पका कारण भत्किएका निजी, सार्वजनिक, सरकारी घर भवन निर्माण गर्न अझै बाँकी रहेको विगतको कोरोना महामारी र सो को कारण भएको बन्दाबन्दीको कारण घर निर्माण एवं विकास निर्माणका कार्य ठप्प प्राय रहेको । नागरिकले आफ्नो निजी घर निर्माण गर्न समेत साधारण निर्माणमुखी खनिज पदार्थ (गिट्टी, बालुवा, ढुङ्गा, माटो) को चरम अभाव रहेको भनि आम नगरबासीको व्यापक गुनासो आईरहेको, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (प) ७, ११ (४) (ञ) (१) र (२) ले नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विषय भएकोले संविधान, संघिय ऐन तथा प्रदेश ऐन तथा मापदण्डले उद्योगको रुपमा दर्ता, नविकरण, वातावरणीय प्रभाव मुल्याङ्कन लगायतका कार्य गर्नु पर्ने र यस नगरपालिका भित्र निजी जग्गाहरुबाट छिमेकी सधियाँरहरुलाई असर नपर्ने गरी कसैले (ढुङ्गा, गिट्टी, बालुवा, माटो) संकलन र ढुवानी गरी आवश्यक स्थानमा उपलब्ध गराउदै आएकोमा हाल संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी ढुङ्गा, गिट्टि तथा बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन मापदण्ड, २०७७ का कारण उत्पादन भएक प्राकृतिक श्रोत साधन निकासा गर्न समस्या भएको हुदाँ स्टकमा रहेका निर्माणमुखी कच्चापदार्थ यस दक्षिणकाली नगरपालिका भित्र हुने विकास निर्माण कार्यका लागी पन्ध्र दिन भित्र निकासी गर्न अनुमति दिने र सो कार्यको अनुगमन गर्न निम्नानुसारको समिति गठन गर्ने ।<br>संयोजक - श्री हरी प्रसाद तिमल्सेना<br>सदस्य - श्री रामचन्द्र क्षेत्री<br>सदस्य - श्री राजेश परियार |

निर्णय उतार प्रमाणित
२०७८/१/५

तुलसी बहादुर श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत